नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विभाग

जावलाखेल, ललितपुर ।

☎:- ५-४३७१३६, ५-४३७१३७, ५-४३७३१३, ५-४३७२१०, ५-४३७३११, ५-४३७३१२, ५-४३७३०८, ५-४३७३०६, ५-४३७३०२

Email:- administration@dwri.gov.np
वेबसाइट:https://www.dwri.gov.np

प.सं.: क.प्र.२०८०/८१
च.नं.: ८५८

मितिः२०८१/०३/२७

श्री महाशाखाहरू (सबै), जलस्रोत तथा सिंचाइ विभाग,
श्री सबै आयोजना/परियोजना/कार्यक्रम/कार्यालय,
जलस्रोत तथा सिंचाइ विभाग अन्तर्गत।

विषयः सर्वेक्षण अनुमति तथा प्रमाणिकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.सं. २०८०/८१, च.नं. ४६६ मिति २०८१/०३/१९ गतेको पत्र मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, रामशाहपथ, थापाथली, काठमाडौंको प.स. २०८०/०८१, च.नं. १५९८ मिति २०८१/०२/२७ को पत्र समेत यसैसाथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गरी पत्रमा उल्लेख भए बमोजिम तहाँको जानकारी एवं आवश्यक कार्यर्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................................
(लोकमणि खनाल)
शाखा अधिकृत

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं. ०८०/८१,ब.का.शा

च.नं. ४६६

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१

फ्याक्स ९७७-१-४२११५१०

सिंहदरबार, काठमाडौं

मितिः-२०८१/३/१९

जलस्रोत तथा सिंचाइ विभाग
म.नि.पि.ए.शाखा
दर्ता नं. : ९६०७
मिति : २०८१/३/२०

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।
श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं ।

विषयः- सर्वेक्षण अनुमति तथा प्रमाणिकरण सम्बन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, रामशाहपथ, थापाथली, काठमाडौंको प.सं.०८०/८१, च.नं.१५९८, मिति २०८१/२/२७ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न गरी तहाँको जानकारी एवं आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

☐ योजना, कार्यक्रम तथा समन्वय महाशाखा
☐ बहुउद्देश्यीय तथा सिंचाई महाशाखा
☐ जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
☐ भूमिगत जल तथा भौगर्भिक महाशाखा
☑ सिंचाई व्यवस्थापन महाशाखा
☑ ... शाखा

(नमिता गौतम)
इन्जिनियर

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन [illegible]

फ्याक्स [illegible]
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

(सर्भेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा)

पत्र संख्या ७०/७१
च.नं.:- १५४८

मिति २०७१/०२/२७

विषय: सर्भेक्षण अनुमति तथा प्रमाणिकरण सम्वन्धमा ।

श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपरोक्त विषयमा तथ्यांक ऐन २०७९ को परिच्छेद-२ को दफा ८ तथा तथ्यांक नियमावली २०८० को परिच्छेद-४ को नियम १७ मा भएको व्यवस्था अनुसार विभिन्न सरकारी, गैरसरकारी (अन्तरराष्ट्रिय समेत) तथा निजि संघसंस्थाहरुले तथ्यांक सम्वन्धी सर्भेक्षण गर्न परेमा राष्ट्रिय तथ्यांक कार्यालयवाट अनिवार्य अनुमति लिने तथा प्रमाणिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सो सम्वन्धमा यस कार्यालयवाट राष्ट्रिय पत्रपत्रिका मार्फत सार्वजनिक सूचना समेत जारी गरिसकेको हुंदा तहां कार्यालय/संस्था वा अन्तर्गत निकायवाट त्यस प्रकारको सर्भेक्षण गर्न गराउन पर्ने भएमा उक्त ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

(हस्ताक्षर)
------------------------
निर्देशक
अरुण गौतम

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौँ

## तथ्याङ्क सङ्कलनको अनुमति लिने तथा तथ्याङ्क प्रमाणीकरण गर्नेसम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०२/१०)

### तथ्याङ्क सङ्कलनको लागि अनुमति लिनुपर्ने

तथ्याङ्क ऐन, २०७९ को परिच्छेद-२ को दफा ८ तथा तथ्याङ्क नियमावली, २०८० को परिच्छेद-४ को नियम १७ बमोजिम राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्न चाहने सरकारी निकाय वा संस्थाले तथ्याङ्क सङ्कलन गर्न अनुमति प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजात संलग्न राखी तथ्याङ्क नियमावली, २०८० को अनुसूची-३ बमोजिमको निवेदन यस कार्यालयमा पेस गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(क) सम्बन्धित निकाय वा संस्थाको निर्णयको प्रतिलिपि,

(ख) तथ्याङ्क सङ्कलनको उद्देश्य, कार्यक्षेत्र, विधि र अनुमानित लागत सहितको अवधारणापत्र,

(ग) अनुसूची-४ बमोजिमको तथ्याङ्क सङ्कलन अनुमति फाराम,

(घ) तथ्याङ्क सङ्कलनका लागि तयार गरिएको प्रश्नावली,

(ङ) सरकारी निकाय र सार्वजनिक संस्था बाहेकका अन्य संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,

(च) तथ्याङ्क सङ्कलनका लागि वित्तीय स्रोत उपलब्ध रहेको विवरण ।

*नेपालस्थित विदेशी संस्थाले समेत राष्ट्रिय प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्नुअघि तथ्याङ्क नियमावली, २०८० को नियम २० बमोजिम अनुमति लिनु पर्नेछ ।*

### उत्पादित तथ्याङ्क प्रयोगमा ल्याउनु अगाडि प्रमाणित गराउनु पर्ने

तथ्याङ्क नियमावली, २०८० को परिच्छेद-४ को नियम १७ बमोजिम तथ्याङ्क सङ्कलन गर्न अनुमति प्राप्त गरिसकेका सरकारी निकाय वा संस्थाले तथ्याङ्कको नतिजा प्रयोगमा ल्याउनु वा प्रकाशन गर्नुअघि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र सोको लागि सम्बन्धित सरकारी निकाय वा संस्थाले उत्पादित तथ्याङ्कको संक्षिप्त प्रतिवेदन वा सारांशसहित सूक्ष्म कोरा तथ्याङ्क संलग्न गरी कार्यालयमा तथ्याङ्क नियमावली, २०८० को अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।